# विज्ञान तथा प्रविधि मन्त्रालय

**सिंहदरवार, काठमाण्डौ ।**

पारमाणविक पदार्थको नियमन सम्वन्धि निर्देशिका, २०७२ को दफा ६(१)(ज) को प्रयोजनको लागि प्रकाशन गरिएको

## सार्वजनिक सूचना

पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार भण्डारण र प्रयोगलाई नियमन गरी पारमाणविक पदार्थको अनधिकृत प्रयोगवाट मानव स्वास्थ्य, वातावरण र सुरक्षामा पर्न सक्ने असरवाट जोगाउन तथा अन्तराष्ट्रिय प्रतिवद्धताको पालनाको लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकार वाट मिति २०७२।०५।३० मा पारमाणविक पदार्थको नियमन सम्वन्धि निर्देशिका, २०७२ स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण र प्रयोगलाई नियमन गर्नको लागि यस मन्त्रालयलाई राय सुझाव तथा सिफारिस गर्न पारमाणविक पदार्थको नियमन सम्वन्धि निर्देशिका २०७२ को दफा ६ (१) वमोजिम पारमाणविक पदार्थको नियमन सिफारिस समिति गठन भई क्रियाशील रहेको छ ।

सोही निर्देशिकाको दफा ६(१) (ज) वमोजिम मेडिकल फिजिसिष्ट, न्युक्लियर केमेष्ट्रि, न्युक्लियर फिजिक्स, रेडियोलोजी वा वायोटेक्नोलोजीको क्षेत्रमा कम्तिमा १० वर्ष अध्ययन अध्यापन अनुसन्धान वा सो सम्वन्धि विषयमा विज्ञता हासिल गरेको व्यक्ति मध्येवाट मन्त्रालयले मिति २०७२।१२।१७ मा मनोनयन गरेका २ जना विज्ञ प्रतिनिधिको पदावधि २ वर्ष तोकिएकोमा मिति २०७४।१२।१६ मा उक्त अवधि समाप्त हुने भएकोले विज्ञ सदस्यहरुको मनोनयन गर्न उल्लेखित प्रावधान वमोजिम २ जना प्रतिनिधि सदस्य तोक्ने प्रयोजनका लागि सम्वन्धित विज्ञहरुले आफ्नो वायोडाटा यही २०७४ फागुन मसान्त सम्म यस मन्त्रालमा पेश गर्न हुन सम्वन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

२०७४।११।१४